# २. फलदायीपनको समझ (भाग १)
# स्वतन्त्रता, फल, शक्ति तथा बुद्धि

## क. स्वतन्त्रता

क. मुख्य पदहरु

यूहन्ना ८:३६ गलाती ५:१

ख. येशू ख्रीष्टले हामीलाई स्वतन्त्र तुल्याउनु भएको छ

ख्रीष्टमा हुनुभन्दा अघि हामी पाप, शैतान तथा आफ्नै शरीरको बन्धनमा थियौं. यो बन्धनले गर्दा हामी परमेश्वरको सेवा गर्न स्वतन्त्र थिएनौं. तर अब ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ. कलवरीको क्रूसद्वारा हाम्रो निम्ति प्राप्त भएको स्वतन्त्रता विना ख्रीष्टलाई पछ्याउन वा पिताको इच्छा पूरा गर्न पनि हामी कहिल्यै सक्दैनौ. छक्क पर्ने कुराचाहिं यो स्वतन्त्रता प्राप्ति कता-कता असंगत तथा अमिल्दो झै देखिन्छ. किनभने विश्वासद्वारा हामी ख्रीष्टमा बाँधिन्छौं र यसरी हामीलाई परमेश्वरको सेवा गर्नमा रोक्ने सबै नकारात्मक शक्तिहरुदेखि स्वतन्त्र गराइएका छौं. जब हामी "येशू नै प्रभु हुनुहुन्छ" भनेर स्वीकार गर्छौं (रोमी १०:९) हामीले आफैंलाई ख्रीष्टको बन्धनमा पारेका हुन्छौं. हामी जे कुरा स्वीकार गर्छौं हामी त्यसैको अधिनमा हुन्छौं. त्यसैकारण कैयौं मानिसहरुमा आत्मिक स्वतन्त्रता छैन किनभने तिनीहरुले ख्रीष्ट बाहेक अन्य कुराहरुलाई आफ्नो स्वीकारोक्ति दिएका छन्. यो मुखको स्वीकारोक्ति नभएर इच्छा, विचार तथा क्रियाकलापको पनि हो. जुन कुराले हाम्रो जीवनमा अधिकार जमाएको हुन्छ त्यही कुरालाई हामी मानिलिन्छौं. यदि स्वाभाविक तथा शिष्ट कुराहरुले पनि येशूमा भएको हाम्रो स्वतन्त्रतामाथि कुठाराघात गर्छन् भने तिनीहरुलाई पनि गलत भन्नुपर्ने हुन्छ. यदि अन्य कुनैपनि कुराले हाम्रो मन तथा आत्माहरुमाथि अधिकार जमाएमा हाम्रो जीवनको निम्ति तिनै कुराहरुलाई स्वीकार गरेका हुन्छौ र त्यसरी येशू ख्रीष्टमा पिताले हाम्रो निम्ति जित्नुभएको स्वतन्त्रताबाट हामी वञ्चित हुन्छौं (रोमी ६:१६-१८). चेलापनको रहस्य आज्ञाकारिता हो. आत्मिक आज्ञाकारिता भनेको हाम्रो आफ्नै बलबुतामा परमेश्वरको इच्छा पूरा गर्ने प्रयत्न गर्नु

होइन तर हाम्रो जीवन उहाँको हातमा सुम्पेर येशूलाई प्रभु मानिलिनु हो (गलाती ५:१).

## ख. फलदायीपन

क. मुख्य पदहरु

यूहन्ना १५:१६ मत्ती २१:४३ रोमी ७:४

ख. फल फलाउनको निम्ति हाम्रो छनौट भएको छ

नकारात्मक प्रभावबाट छुटकारा पाए पश्चात हामीमा फल लाग्न थाल्छ (रोमी ७:४). हामीलाई परमेश्वरले छान्नुको उद्देश्य नै हामी उहाँको निम्ति फल फलाउनका लागि हो. उहाँले हामीलाई आफ्नो पुत्रसितको सम्बन्धमा डोऱ्याउनुभएको छ ताकि येशूले आफ्नो जीवनमा जुन फलदायीपन देखाउनुभयो हामीपनि आफ्नो जीवनबाट त्यस्तै फलहरु फलाउन सकौं. यो चाहिँ हामी येशूसँगै समानतामा छौं, हाम्रो दैनिक जीवनमा यसप्रति हामी कृतज्ञ छौं र हामीबाट धार्मिकताका फलहरु - प्रेम अनि शक्ति उत्पन्न हुनसक्छ भनेर स्वीकार गर्नु हो (यूहन्ना १५:५-८).

हामीले फल फलाउन नसक्नुको कारण वास्तवमा हामी हाम्रो जीवन एकनासले जिइरहेका हुन्छौं. हामी कुनै कुरालाई "आत्मिक" ठहऱ्याएर त्यसलाई क्रिश्चियन बोलिचालीमा आत्मिक वृद्धिको कारकतत्वसँग जोडिदिन्छौं. साथसाथै हाम्रो अनुभवका थुप्रै पक्षहरु अनुशासनहीन तथा अपरिभाषित रहेका छन्. परिणाममा हामी थुप्रै समय खेर फाल्छौं. कुनै महत्व नै नभएका कुराहरुमा आफ्नो साधन र स्रोत खर्च गर्छौं. त्यसरी हाम्रो जीवनका प्रत्येक पक्षहरुमा चेलापनको चुनौतीलाई चिन्नमा हामी असफल हुन्छौं. हाम्रो जीवनको हरेक पक्षमा फल फलाउन परमेश्वर हामीसँग आशा गर्नुहुन्छ. अरु मानिसहरुका निम्ति यो ठूलो आशिषको कारण हुनसक्ने मात्र नभएर यसले हामी आफैंमा ठूलो आशिष ल्याउँदछ. साँचो आशिषबाट प्राप्त आत्मिक सन्तुष्टिलाई वास्तवमा ठीक किसिमबाट आंकन (नाप्न) सकिँदैन.

ग. फलदायीपनका पाँच पक्षहरु

१. एउटा फलिभूत प्राणबाट पवित्र आत्माका फलहरु प्रष्फुटन हुनु (गलाती ५:२२-२३).

२. फलिभूत मन (फिलिप्पी ४:८-९; रोमी ८:५-८; एफिसी ४:२२-२४).
३. काममा फलदायीपन (कलस्सी १:१०; १ पत्रस ३:१०).
४. दान वरदानमा फलदायीपन (१पत्रस ४:१०; रोमी १२:४-६).
५. सँगतिमा फलदायीपन (हिब्रू १०:२४-२५; भजन १३३).

## ग. शक्ति

क. मुख्य पदहरु

| | |
|---|---|
| एफिसी १:१७-२२ | एफिसी ६:१० |
| प्रेरित १:८ | २कोरिन्थी ४:७ |

ख. परमेश्वरको शक्तिमा जिउनु

हाम्रो स्वतन्त्रता हाम्रो निम्ति ख्रीष्टले प्राप्त गर्नुभएको मात्र नभएर यो पवित्र आत्माको सामर्थ्यबाट प्राप्त गरिएको पनि हो. हामी कमजोरीमा हैन तर उहाँको सामर्थ्यमा जिएको पिता चाहनुहुन्छ. येशूलाई मरेकोबाट ब्युंताउनमा प्रयोग गरिएका सम्पूर्ण शक्ति उहाँले हाम्रो निम्ति उपलब्ध गराउनु भएको छ (एफिसी १:१८-२०) त्यसकारण हाम्रो चेलापनमा हामी एक्लै काम गरिरहेका छैनौ तर पवित्र आत्माद्वारा परमेश्वरको सम्पूर्ण शक्ति हाम्रो प्रयोगका निम्ति उपलब्ध भएको छ (मत्ती २८:१९-२०). त्यसकारण चेलापनलाई परमेश्वरको शक्तिको कार्यान्वयनको उदाहरणका रुपमा बयान गर्न सकिन्छ. बाहिरी दृर्ष्टिकोणबाट हेर्दा पनि केही महत्वका नदेखिने पुरुष तथा स्त्रीहरुका जीवनबाट परमेश्वरले आफ्ना उद्देश्यहरु शक्तिशाली रुपमा पूरा गराउनु भएको छ (२कोरिन्थी ४:७). परमेश्वरले पवित्र आत्माद्वारा हामीलाई दिनुहुने यो शक्ति हाम्रो जीवनका सबै पक्षहरुमा सम्पूर्ण आवश्यकताहरु पूर्ति गर्न समर्थ छ (२पत्रस १:३).

ग. पाँच क्षेत्रहरुमा हामीलाई आवश्यक शक्ति

**१. हाम्रो आन्तरिक (भित्री) जीवनको लागि : शक्ति**

परमेश्वरका स्रोतहरु हामीले हाम्रो जीवन र हृदयका भित्री तहसम्म पुग्ने गरी लिनुपर्दछ. यो शक्ति विना हामी परमेश्वरको पवित्रतामा ठीकसित जिउन सक्दैनौ अनि उहाँले हामीमा प्रकट गर्न चाहनुभएका इच्छाहरुलाई पालन पनि गर्न सक्नेछैनौ (एफिसी ३:१६).

२. **येशूको निम्ति साक्षी दिनको लागि शक्ति**

हामीभित्र रहनुभएको पवित्र आत्मा विना येशूका चेलाहरुजस्तै हामी पनि सारा देशहरुमा गएर चेला बनाउने उहाँको आज्ञालाई कहिले पनि पूरा गर्न सक्दैनौ. यो शक्ति विना शुरुका चेलाहरु पनि डर र शक्तिहीनताले गर्दा घरभित्रै थन्केर बसेका हुन्थे होलान्. पवित्र आत्मा तिनीहरुमा आउनुभए पछि तिनीहरुले शक्ति पाउने कुरा येशूले भन्नुभएको थियो र वास्तवमा यही कुरा घटन गएको थियो (प्रेरित १:८). येशूको निम्ति तिनीहरुले संसार नै उलट-पुलट पारे.

३. **परमेश्वरमा विश्वास गर्न शक्ति**

पवित्र आत्माले हाम्रो हृदयमा विश्वास उत्पन्न गर्नुहुन्छ. यो पृथ्वी छोड्नुभन्दा पहिला येशूले आफ्ना चेलाहरुलाई यस्तो प्रतिज्ञा गर्नुभएको थियो - एउटा सल्लाहकार तिनीहरुकहाँ आउनुहुनेछ. उहाँले आफ्नै बारेमा कुरा नगरेर येशूलाई तिनीहरुका हृदयमा प्रकट गरिदिनुहुनेछ. परमेश्वरको राज्यमा अत्यावश्यक सामर्थी कामहरु येशूको नाउंमा विश्वास गरेर तिनीहरु पूरा गर्न सक्नेछन् (यूहन्ना १४:१२).

४. **सेवकाई र वरदानहरुमा : शक्ति**

प्रत्येक विश्वासीहरुका निम्ति पवित्र आत्मामा सामर्थ्य उपलब्ध छ (१कोरिन्थी १२:७). हामी येशूको अनुग्रहमा परमेश्वरको करार पूरा गर्ने सेवक हुन चेलाहरुका रुपमा बोलाइएका छौं. अन्य स्त्री तथा पुरुषहरुका निम्ति हाम्रो जीवन परमेश्वरको अनुग्रह बग्ने एउटा माध्यम हुन हामी सबैको बोलाबट भएको छ. हाम्रो आफ्नै शक्तिमा यो काम पूरा भएको परमेश्वर हेर्न चाहनुहुन्न तर प्रत्येक पाइलामा उहाँले पवित्र आत्माद्वारा हामीलाई बल र शक्ति प्रदान गर्नुहुन्छ. त्यो काम गर्न उहाँले साहस र निडरता दिनुहुने मात्र नभएर पवित्र आत्मा मार्फत हामीलाई विभिन्न स्रोतहरु पनि जुटाइदिनुहुन्छ. कामको खांचो परेको बेलामा मात्र पिताले हामीलाई तयार पार्नुहुने होइन तर हामी मानिसका लागि आवश्यक तत्वहरु पनि तयार पारिदिनुहुन्छ. सबै चेलाहरुले एकै किसिमले एउटै काम पूरा गर्ने जरुरत नभएकोले हामी सबैलाई एउटै किसिमको वरदान दिइएको छैन. परमेश्वरको काम गर्नको निम्ति खास हाम्रै लागि भनेर ती वरदानहरु उहाँबाट हामीलाई प्राप्त भएको छ ।

५. **आत्मिक युद्धका निम्ति शक्ति**

प्रत्येक क्रिश्चियन विश्वासी युद्धमा हेलिएको छ. नयाँ जन्म पाएपछि हामीले पार्टी परिवर्तन गरेका छौं. यो कुरालाई शैतान चुप लागेर हेरी

मात्र रहने छैन त्यसकारण युद्धको निम्ति हामी तयार हुनुपर्छ. चेलाहरुको हृदयमा युद्धको बिगुल बजेको छ किनभने जबसम्म राज्य सम्पूर्ण रुपमा आउदैन र येशू आफ्नो महिमामा देखिनुहुन्न यो पृथ्वीमा उहाँको राज्यको सामर्थ्यमा काम गर्न उहाँले हामीलाई छान्नुभएको छ.

## घ. बुद्धि

### क. मुख्य पदहरु

हितोपदेश ४:५
याकूब ३:१३-१८
१कोरिन्थी २:६-१६
याकूब १:५
हितोपदेश ९:१०

### ख. बुद्धि तथा समझमा मानिस हुनुस

यदि परिपक्वतामा हाम्रो वृद्धि हुने हो भने बुद्धिको आत्मिक वरदान भन्दा बढता महत्वपूर्ण खांचो अर्को छैन. यसले अन्य सबै वरदानहरुलाई आफ्नो दायरा (घेरा) भित्र लिन्छ. यो विना हामी आफ्ना भावना तथा अरु मानिसहरुको मागका दास हुनेछौं. आफैंलाई बुझ्न, अरुको खांचोहरुलाई बुझ्न र परमेश्वरको इच्छालाई बुझ्न पनि बुद्धिको आवश्यकता पर्दछ. परमेश्वरका वरदानहरुलाई प्रभावकारी रुपमा चलाउन बुद्धिको आवश्यकता पर्दछ किनभने बुद्धिविनाको शक्ति ख्रीष्टको देहमा खतरनाक हुन्छ. शक्तिको वरदानहरु ठीकसित चलाउन बुद्धिबाट प्राप्त हुने अन्तर्दृष्टि र परिपक्वताको हामीलाई जरुरत पर्दछ (हितोपदेश ४:५-७).

### ग. पुरानो नियममा बुद्धिका दुई पक्षहरु

**१. जीवनको निम्ति बुद्धि एउटा व्यवहारिक पक्ष हो**

एउटा खास अवस्थामा जीवनलाई यसका सबै चुनौती तथा मौकाहरुका माझ पनि कसरी चलाउने सो परमेश्वर प्रदत्त बुद्धिबाट मात्र सम्भव हुन्छ. हाम्रो एउटै मात्र जीवन छ. हामीले गरेका निर्णयहरु र हाम्रा जीवनका परिस्थितिहरुबाट उत्पन्न हाम्रा प्रत्युत्तरहरुले हामी यो जीवनमा केही हदसम्म फलिभूत र पूर्ण तरीकाले जिउन सक्छौं कि सक्दैनौ भन्ने कुरामाथि प्रभाव पार्छ (हितोपदेश ४:१०-१२).

**२. मानिसले परमेश्वरलाई बुझ्केको अनुपातसित बुद्धि सम्बन्धित छ**

मानिसहरुको हृदयमा उत्पन्न जीवन र अस्तित्वको गहिरो अर्थको खोजीलाई अयुब र उपदेशकको पुस्तकहरुमा देखाइएका छन्. परमेश्वरको ज्ञान बिना ती दुबैको अर्थ बुझ्न असंभव छ. समझको आधारमा यी कुराहरुको उत्तर पाउनु मानिसको वसमा छैन, यो त परमेश्वरको उपहार हो.

*"प्रभुको भय बुद्धिको शुरुवात हो."* भजन १११:१०

सबै किसिमका पीडा तथा समस्याहरुको दवावको बीचमा पनि अयुबले यो सत्य पत्ता लगाउंछन्. परमेश्वरलाई सबै कुराको ज्ञान थियो भन्ने तथ्यको उनले अन्तमा सामना गर्छन् तथा उहाँको ज्ञानमा आफूपनि सहभागी हुन चाहने हो भने मानिसले आफ्नो जीवनको लक्ष परमेश्वरतिर फर्काउनुपर्ने थियो (अयुब २८:१२-२३).

घ. नयाँ नियमको बुद्धि वा ख्रीष्टको बिद्वता

*नयाँ नियममा बुद्धिका दुई पक्षमाथि विशेष जोड दिइएको छ*

१. हाम्रो जीवनको परिस्थिति तथा घटनाहरुलाई बुझन हाम्रो निम्ति पहिलो तथ्यका बारेमा याकूबले प्रष्ट्याएका छन्. आत्मिक बुद्धि बिना हामी दुःख तथा परीक्षाका पीडालाई सहेर जिउन सक्दैनौ. किनभने यी कष्टहरुद्वारा परमेश्वरले हामीलाई परिपक्व बनाएर उहाँले तयार पार्न चाहनु भएको स्त्री र पुरुषमा हामी परिवर्तन हुनमा आत्मिक बुद्धि बिना उहाँको हात देख्न सक्दैनौ (याकूब १:५).

२. परमेश्वरको गहन आत्मिक सत्यको समझको स्रोतका बारेमा पावलले दोस्रो बुँदा माथि जोड दिएका कुरा उनले कोरिन्थीहरुलाई खुलस्त पारेका थिए (१कोरिन्थी २:७). उनको बुद्धि वा अन्तर्दृष्टिबाट यो बुद्धि आएको होइन तर आफू पूर्ण रुपमा पवित्र आत्मामाथि भर परेको तथ्यमाथि उनले जोड दिएका छन्. गहिरो आत्मिक सत्यहरुलाई प्राप्त गर्नसक्नु नै एउटा आत्मिक मानिसको चिन्ह हो. अशुद्ध्याइएको र नयाँ जन्म नभएको मानव बुद्धिको परमेश्वरको प्रकाशसँग केही सरोकार हुँदैन. परमेश्वरको सत्यसित मानव मन प्रतिरोध गरिरहने भएकोले पवित्र आत्माको काम बिना यस्ता कुराहरु बुझ्न कठीन हुन्छ. यो किन भएको भने पुनर्जीवन नपाएको मानिसको मन उसको पुरानै स्वभावको दासत्वमा रहेको हुन्छ. पवित्र आत्माको सामर्थ्यद्वारा मानिसले नयाँ जन्म पाएपछि मात्र

परमेश्वरको वचनको सामर्थ्यमा उसको मन स्वतन्त्र र नयाँ पारिएको हुन्छ. त्यसपछि मात्र ऊ आत्मिक सत्यलाई स्वीकार गरेर त्यसलाई बुझ्ने अवस्थामा पुगेको हुन्छ. मानिसको बुद्धिले उस्लाई परमेश्वरमा भिज्नुको सट्टा उहाँदेखि अलग पारिदिएको थियो (रोमी १:२१-२३).

## ङ. बुद्धिको वरदान

एउटा चेलाको जीवनमा आत्मिक समझदारी धेरै महत्वको हुन्छ. यो समझदारीले हामीलाई परमेश्वरको वचनमा अन्तदृष्टि प्रदान गर्छ र यसलाई हामी हाम्रो दैनिक जीवनमा प्रयोग गर्नसक्छौं. आत्मिक समझले हाम्रो जीवनको परिस्थिति माझ कैयौं कुराहरुको वास्तविक महत्वप्रति हामीलाई जागरुक तुल्याइदिन्छ. बुद्धिबाट प्राप्त हुने आत्मिक संवेदनशीलताद्वारा हामी अरु मानिसहरुको साँचो आवश्यकतामा सहभागी हुनसक्छौं. यसरी परमेश्वरले हामीलाई दिनुभएको अन्य वरदानहरु कहिले र कसरी प्रयोग गर्ने सो देखाउंछ. त्यस प्रकारले ती वरदानहरु हाम्रो निम्ति बिध्वंसात्मक र ढीठपूर्ण नभएर लाभदायक र फलदायी हुन पुग्छन्.

## च. आत्मिक बुद्धिबाट उत्पन्न हुने आठ कुराहरु

**१.आफ्नै बारेमा नयाँ समझदारी**

जीवनमा सन्तुलित विकासका निम्ति आत्मचेतना निर्णायक विन्दु हुन्छ. यो विना हामीमा आफ्नो सम्बन्धमा गलत विचार उत्पन्न हुनजान्छ र यसरी हामी भ्रमको शिकार हुन्छौं अर्थात आफू जे छौं त्यो भन्दा कि त आफूलाई धेरै ठूलो ठान्छौं नभए हीनताले ग्रस्त हुन्छौं. यीमध्ये कुनैपनि जीवन तथा सेवकाईको निम्ति विनाशकारी साबित हुन्छ. वास्तबमा परमेश्वरले हामीलाई जसरी हेर्नुहुन्छ आफूप्रति हाम्रो त्यही दृष्टिकोण हुनुपर्छ (रोमी १२:३)

२. **आत्मिक सत्यको समझ** (**१कोरिन्थी** २:१०-१२)

बुद्धिको वरदान बेगर हामी परमेश्वरका गहिरा कुराहरु बुझ्न असमर्थ हुन्छौं. परमेश्वरका गहिरा कुराहरुको समझले उहाँको निम्ति हाम्रो जीवनमा परिपक्वता र गौरव (प्रतिष्ठा)को सामञ्जस्यतामा बृद्धि गराउंछ. यो आत्मिक सत्यतापूर्ण अन्तर्दृष्टिले हामीलाई सिद्धान्तका प्रत्येक झोंक्कामा नहल्लिन र सत्यबाट बरालिनबाट जोगाउँछ.

३. **धर्मशास्त्रको समझ**

धर्मशास्त्रबाट परमेश्वरको वचनमा गहिरो समझ बिना उहाँले हाम्रो निम्ति चाहना गर्नु भएको सत्यमा गहिरो अन्तर्दृष्टि हामीमा बिकास हुन सम्भव छैन. हामी आजका सेवकाईका धेरै शिक्षा तथा दर्शनहरुको कृपामा जिइरहेका छौ. यसको धर्मशास्त्र अनुसार जाँच गरिएको छैन त्यसकारण यो चिन्ताको कारण हुन पुगेको छ. धर्मशास्त्रमा परमेश्वरले दिनुभएको सत्यताको निम्ति हामी परमेश्वरप्रति कृतज्ञ हुनुपर्छ र हाम्रो दैनिक जीवनमा यसलाई प्रयोग गर्नुपर्छ (२तिमोथी ३:१४-१७).

४. **परमेश्वरको इच्छाको समझ**

हाम्रो सम्पूर्ण जीवनको निम्ति हामी परमेश्वरको इच्छा मुताबिक जिउनुपर्छ. यसरी हामी परमेश्वरको निम्ति लाभदायक र उत्पादनशील हुनेछौं. उहाँको इच्छा पत्ता लगाउन आवश्यक बुद्धि हामीले परमेश्वर पितासित माग्नुपर्छ (कलस्सी १:९; एफिसी ५:१५-१६; याकूब १:५-८)

५. **आत्मिक वरदानहरुप्रतिको समझ**

सामर्थ्यपूर्ण वरदानहरु चलाउंदा बुद्धिको खांचो पर्छ किनभने अनुशासनहीन रुपमा शक्तिको प्रयोग गर्दा बिशेषगरी विश्वासीहरुमा उल्टो असर पर्नजान्छ (१कोरिन्थी १४:२०).

६. **आत्मिक शक्तिको समझ**

सही र गलत हामीले छुट्टयाउन सक्नुपर्दछ. परमेश्वरले पवित्र आत्माका स्रोतहरु यसैको निम्ति उपलब्ध गराउनु भएको छ (१यूहन्ना ४:१; २कोरिन्थी २:११; १कोरिन्थी १२:१०). धर्मशास्त्रमा सम्पूर्ण ध्यान दिएर अनि धार्मिक जनहरुको बुद्धिमतापूर्ण सल्लाहले पनि मदत गर्दछ.

७. **जुन आशाको निम्ति हामी बोलाइएका छौं त्यसबारेको समझ**

विश्वासीका रुपमा जिउनको निम्ति आवश्यक प्रोत्साहन प्राप्त गर्न हामी यसलाई विश्वासद्वारा बुझ्न सक्छौं. यसले हाम्रो जीवनको निम्ति एउटा दृष्टिकोण जुन अति गौरवशाली, फराकिलो, असीमित र हाम्रो दैनिक अनुभवको परिप्रेक्षमा कहिलेकाहिँ मुस्किल देखिन्छ, प्रदान गर्छ.

८. **समयको चिन्हको समझ**

हामी दिन गन्ने हुनु हुँदैन किनभने येशू आफैं आफ्नो आगमनको सम्बन्धमा अनभिज्ञ हुनुहुन्थ्यो : केवल उहाँको पितालाई मात्र यसबारेमा थाहा थियो (मत्ती २४:३६). तथापि हामी आफ्ना वरिपरिका घटनादेखि अज्ञानतामा नरहौं किनभने हाल सबै कुराहरुले अन्तिम पटाक्षेप (पराकाष्ठा) तिर औंल्याइरहेका छन्. आफू वरिपरिका घटनाचक्र तथा

समयप्रति सजगता देखाउने मानिसहरुजस्तै हामी तयारी तथा अत्यावश्यकताको निरन्तरतामा जिउनुपर्छ (१थेस्स ५:१-६; मत्ती २४:४२-४४). येशू ख्रीष्ट आउदै हुनुहुन्छ भन्ने कुरा हामीलाई थाहा छ. यसै सत्यको ज्योतिमा हामी आफ्नो जीवन जिउनुपर्छ.

## छ. प्रश्नहरु तथा छलफलका बुँदाहरु

१. दैनिक जीवनमा हामी जे कुरा स्वीकार गर्छौं हामी व्यवहारमा प्रायश: त्यही गर्ने गर्छौं. छलफल गर्नुहोस्.

२. आफ्नो मन तथा आत्मालाई के कुराको अधिनतामा राख्नुभएको छ ?

३. आफ्नो जीवनका हरेक पक्षमा परमेश्वरको निम्ति फल फलाउनु भएको छ ?

४. के परमेश्वरको सामर्थ्यले काम गरेको जस्तो तपाईंमा उदाहरण छ ? छैन भने किन छैन?

५. अरु पुरुष तथा स्त्रीहरुको निम्ति तपाईं आशिषको माध्यम बन्नु भएको छ ?

६. बुद्धिको आत्मिक वरदान विशेष करिस्माटिक वृत्तमा किन महत्वपूर्ण भएको छ ?

७. बुद्धि बिनाको आत्मिक वरदानहरु किन खतरापूर्ण भएको ?

८. प्रभुको भय के सांच्चै नै बुद्धिको शुरुवात हो ?

## ज. सारांश र प्रयोग

१. हामी क्रिश्चियनहरुलाई येशू ख्रीष्टले स्वतन्त्र तुल्याउनु भएको छ. यो स्वतन्त्रतालाई हामी आफैं ख्रीष्टको बन्धनभित्र पार्यौं भने मात्र यसलाई जोगाउन सक्छौं.

२. परमेश्वरको निम्ति फल फलाउन चेलाको रुपमा हाम्रो छनौट भएको हो.

३. परमेश्वरको सबै जीवित सामर्थ्य पवित्र आत्माद्वारा हाम्रो निम्ति उपलब्ध छ.

४. प्रभुलाई चिनेपछि मात्र हामी बुद्धि प्राप्त गर्दछौं. सबै बुद्धि र समझको स्रोत परमेश्वर हुनुहुन्छ. पवित्र आत्माद्वारा त्यो बुद्धि उहाँले हामीलाई दिन चाहनुहुन्छ.

५. हाम्रो आत्मिक परिपक्वताको निम्ति बुद्धि आवश्यक छ. यसले हामीलाई फल फलाउदै र प्रभावकारी रुपमा परमेश्वरको सेवा गर्नमा मदत दिन्छ.